नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७६/०७७
चलानी .नः ३५२

मितिः- २०७६/०६/१२

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका (सबै)।

विषयः- <u>२०७६ बडा दशैं र तिहार बिदाको समयमा स्वास्थ्य सेवा सुचारु गर्ने सम्वन्धमा।</u>

प्रस्तुत विषयमा २०७६ बडा दशैं र तिहार बिदाको समयमा स्वास्थ्य सेवा सुचारु गर्न सबै स्थानीय तहलाई यसै साथ संलग्न सेवा सुचारु गर्ने सम्वन्धी कार्यक्रम जानकारी उपलब्ध गराई दिन हुन भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य समन्वय महाशाखाको च.नं. २२ मिति २०७६/०५/३१ को पत्रवाट लेखि आएकोले संलग्न पत्रानुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ।

(जगत प्रसाद भुसाल)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः website मा Upload गरिदिनु हुन ।

अ.प्रा. ३५
०७६/०६/८

३९१९
२०७६।६।५

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा
रामशाहपथ, काठमाडौं

☎ ४२२३५८०
४२६२६९६
४२६९७३६
४२६२८०८
४२६२९८७
४२६२४६८

प.स. ७६/७७
च.नं. ८२

मिति:-२०७६।५।३१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौ ।

विषय :- **२०७६ बडा दशै र तिहार बिदाको समयमा स्वास्थ्य सेवा सुचारू गर्ने सम्बन्धमा ।**

उपर्युक्त विषयमा २०७६ बडा दशै र तिहार बिदाको समयमा स्वास्थ्य सेवा सुचारू गर्न सबै स्थानीय तहलाई यसै साथ संलग्न सेवा सुचारू गर्ने सम्बन्धी कार्यक्रम जानकारी उपलब्ध गराई दिनु हुन निर्देशानुसार अनुरोध छ ।

परिपत्र एवं स्थानीय निकायलाई

.................................
महेन्द्र प्रसाद श्रेष्ठ
महाशाखा प्रमुख

**२०७६ बडा दशैं र तिहार  बिदाको समयमा स्वास्थ्य सेवा सुचारू गर्ने निकायहरूले चाल्नुपर्ने कदम :**

१. अस्पताल विपद् ब्यवस्थापन समितिलाई पूर्व तयारी अवस्थामा रहने व्यवस्था मिलाउने

२. सबै अस्पतालहरूमा २४ सै घण्टा आकस्मिक सेवा सञ्चालन हुने व्यवस्था मिलाउने

३. राजमार्गमा हुन सक्ने दुर्घटनालाई मध्य नजर गर्दै राजमार्ग आसपासका स्वास्थ्य संस्थाहरूलाई थप तयारी अवस्थामा रहन आवश्यक व्यवस्था मिलाउने

४. अस्पाताल फार्मेसी बिदाको समयमा पनि २४ सै घण्टा खोल्ने व्यवस्था मिलाउने

५. दशैंमा सेवामा प्रभावित नहुने गरी मात्र कर्मचारीहरूको बिदाको व्यवस्था मिलाउने

६. एम्बुलेन्स सेवा २४ सै घण्टा चुस्त दुरूस्त अबस्थामा राख्ने व्यवस्था मिलाउने

७. हाल भइरहेको डेंगु महामारी रोकथाम तथा उपचार सेवा प्रभावित हुन नदिन आवश्यक व्यवस्था मिलाउने

८. दशैं र तिहारमा हुन सक्ने महामारी र अन्य परिघटनाका लागि तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने

९. ड्युटीमा रहने चिकित्सक, स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक एवं अन्य कर्मचारीहरूको सम्पर्क नम्वर (मोबाईल तथा ल्याण्डलाईन फोन) आकस्मिक कक्षमा राख्ने व्यवस्था मिलाउने

१०. रक्त संचार सेवा प्रभावित हुन नदिन आवश्यक व्यवस्था मिलाउने

११. स्वास्थ्य संस्था सुरक्षाका लागि स्थानीय प्रशासन र सुरक्षा निकायहरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने